## 4. **एकल अभिभावक परिवार भएको बेलामा** （ひとり親家庭になったとき）

**【बालबालिका आश्रित भत्ता】** （児童扶養手当）

18 वर्षको उमेर पुगेको दिनदेखि पहिलो मार्च 31तारिख सम्मका बालबालिका हुर्काइरहेको एकल अभिभावक, अथवा बच्चाको बुवाआमाको सत्तामा बालबालिकाको पालन पोषण गर्ने व्यक्तिले पाउन सक्नुहुन्छ।

(आयको सीमा छ)

सोधपुछ कुयाकुस्यो कोसोदाते सिएन-खा(पेज 16, 17)

**【एकल अभिभावक परिवार आदिको दैनिक जीवनयापन समर्थन】** （ひとり親家庭などへの日常生活支援）

एकल अभिभावक परिवार वा श्रीमानको मृत्यु वा सम्बन्धविच्छेदपछि एक्लै बस्ने महिला, यदि बिरामी वा रोजगारी खोज्ने गतिविधिको आदिको कारणले गर्दा अस्थायी रूपमा घरको काम गर्न गाह्रो पर्दा, तपाईको लागि पारिवारिक जीवन सहयोगी (खातेई सेईखाचु सिएन इन )पठाउन सकिन्छ। जीवनयापन संरक्षण घरपरिवार (सेईखाचु होगो सेताई) ・नगरपालिका करबाट कर छुट भएका घरपरिवारका लागि निःशुल्क।

सोधपुछ कुयाकुस्यो कोसोदाते सिएन-खा(पेज 16, 17)

**【एकल अभिभावक परिवार चिकित्सा खर्च अनुदान प्रणाली】** （ひとり親家庭医療費助成制度）

एकल अभिभावक परिवारको 18वर्ष (18वर्षको उमेर पुगेपछिको पहिलो मार्च 31तारिख )सम्मको बालबालिका र उनीहरूका बुवा वा आमा, अथवा हेरचाहकर्ताको चिकित्सा खर्चको एक भाग अनुदान दिइनेछ।(आयको सिमा छ। स्वास्थ्य बिमाद्वारा कभर गरिएको चिकित्सा खर्च मात्र) ।

यद्यपि,जीवनयापन संरक्षण(सेईखाचु होगो) प्राप्त गरिरहेका व्यक्तिहरूले अनुदान समर्थन प्राप्त गर्न सक्दैनन् ।

सोधपुछ कुयाकुस्यो होकेन नेन्किन-खा(पेज 16, 17)

**【अन्य】** （その他）

सार्वजनिक आवासमा प्राथमिकताको कोटा निर्धारण गरिएको हुन्छ। केही सर्तहरू भएको हुँदा कृपया सोधपुछ गर्नुहोस्।

सोधपुछ साकाइ-सिटि आवास व्यवस्थापन केन्द्र ☎072-228-8225 फ्याक्स 072-228-8223